जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९३ पृष्ठः ४ | २०८२ चैत्र ०३ मंगलबार (Tuesday 17 March 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## संसदीय राजनीतिबाट सन्न्यास लिने सिके राउतको घोषणा

जनमत पार्टीका अध्यक्ष सीके राउतले भनेका छन्, 'संसदीय राजनीतिबाट सन्न्यास लिने, संघर्षको राजनीति जारी राख्ने।'



काठमाडौं, २ चैत्र। जनमत पार्टीका अध्यक्ष सीके राउतले संसदीय राजनीतिबाट सन्न्यास लिने घोषणा गरेका छन्। तर 'संघर्षको राजनीति' जारी राख्ने उनको भनाइ छ। 'संसदीय राजनीतिबाट सन्न्यास लिने, संघर्षको राजनीति जारी राख्ने। पार्टीलाई आवश्यकता रहेसम्म नेतृत्व दिंदै अगाडि बढाउने' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'म सार्वजनिक रूपमा स्पष्ट पार्न चाहन्छु म संसदीय (पदको) राजनीतिबाट टाढा रहनेछु तर यसको मतलब राजनीतिबाट बीचमै गायब भएको होइन।'

उनले थप लेखेका छन्, 'राजनीतिमा सक्रिय रहँदै, आफ्नो सिद्धान्त र एजेण्डालाई निरन्तर अगाडि बढाउँदै, जनताको लागि निरन्तर संघर्ष गर्दै जनताको सेवामा रहने नै छु।' सिके राउत नेतृत्वको जनमत पार्टी २०७९ सालको प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनबाट उदाएको दल हो। त्यसबेला जनमत पार्टी राष्ट्रिय दल बनेको थियो। प्रत्यक्षमा अध्यक्ष राउत आफैंले चुनाव जितेका थिए। समानुपातिकतर्फ थ्रेस होल्ड हटाएर जनमत पार्टीले थप पाँच सांसद सिट प्राप्त गरेको थियो। तर, २०८२ फागुन २१ के निर्वाचनमा जनमत पार्टीले एक सिट पनि प्राप्त गर्न सकेन।

सप्तरी २ बाट चुनावमा प्रतिस्पर्धा गरेका अध्यक्ष राउत रास्वपाका रामजी यादवसँग पराजित भए। जनमत पार्टीका प्रत्यक्षतर्फका अन्य उम्मेदवारले पनि चुनाव जितेनन्। समानुपातिकतर्फ पनि थ्रेसहोल्ड कटेन। अध्यक्ष राउतले अब संसदीय राजनीतिबाट टाढा रहने तर पार्टीलाई आगामी निर्वाचनका लागि तयार गर्नमा लाग्ने बताएका छन्। उनले लेखेका छन्, 'जनमत पार्टीलाई आउँदो स्थानीय र प्रदेश निर्वाचनका लागि तयारी गराउन प्रतिबद्ध छु।'

आफू सदैव जनताहरूको बीचमा नै रहने, हरेक मोर्चा र संघर्षमा खडा हुने, अधिकार र पहिचानको लडाईंमा सदैव भूमिका निर्वाह गर्ने पनि उनले बताएका छन्।

**इच्छा विपरीत पार्टी अध्यक्ष बनेको जिकिर**

जनमत पार्टीको अध्यक्ष पनि अरुले नमानेपछि आफैं बन्नुपरेको बाध्यता उनले उल्लेख गरेका छन्। सरकारले बिलकुलै कुनै काम गर्न नदिएपछि र जनतामा जान पूर्णतः रोक लगाए पछि पार्टी खोल्नुपर्यो भनेर अगाडि बढेको उल्लेख गर्दै उनले फेसबुकमा लेखेका छन्, 'सो पार्टीको अध्यक्ष बन्नका लागि नरेन्द्र प्रसाद चौधरीज्यू सहितका साथीहरूलाई जनकपुरमा बोलाएर पटक–पटक कन्भिन्स गरें। उहाँहरूले नमानेपछि म आफैं जनमत पार्टीको अध्यक्ष बन्नु परेको थियो।'

व्यक्तिगत इच्छा विपरीत दुई पटक संसदीय निर्वाचन लडेको पनि उनले दाबी गरेका छन्। २०७९ को चुनाव जितेका उनी यसपटक भने पराजित भएका छन्।

## लागुऔषधसहित एक पक्राउ



सिरहा, २ चैत्र। सिरहाको विष्णुपुर गाउँपालिका– १ स्थित नहरबाट प्रहरीले प्रतिबन्धित लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार इलाका प्रहरी कार्यालय विष्णुपुरबाट खटिएको प्रहरीको चेकिङ टोलीले चेकजाँचको क्रममा सिरहाको मिर्चैया नगरपालिका– ८, मझाउ गाउँका करिब २६ वर्षीय जितेन्द्रकुमार महतोलाई आइतबार दिउँसो प्रतिबन्धित लागुऔषधसहित पक्राउ गरेको हो।

प्रदेश १–०२–०५३ प ४२७५ नम्बरको मोटरसाइकल चढेर आउँदै गरेका महतोलाई रोकेर चेकजाँच गर्दा झोलामा लुकाएको प्रतिबन्धित लागुऔषध बरामद भएपछि पक्राउ गरिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार चेकजाँचको क्रममा झोलाबाट २० बोतल अनरेक्स, आठवटा पाइरोनिक्स स्पास ट्याबलेट र दुईवटा प्रयोग गरिसकेको सोही ट्याबलेटको खाली पत्ता तथा भिभो कम्पनीको एक थान मोबाइल बरामद भएको छ। लागुऔषधसहित पक्राउ गएिका उनलाई जिल्ला प्रहरीमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## इनिशा विश्वकर्मालाई न्याय माग्दै सिरहामा प्रदर्शन

**सुरेश राय**

सिरहा, २ चैत्र। सुर्खेतकी इनिशा विश्वकर्माको हत्या तथा रौतहटमा दलित समुदायमाथि भएको सामूहिक कुटपिट घटनाको विरोधमा गर्दै सिरहामा प्रदर्शन भएको छ। दलित विकास




मञ्चको आयोजना तथा विभिन्न गैरसरकारी संस्थाको सहकार्यमा गोलबजारमा सोमबार विरोध प्रदर्शन गरिएको हो। प्रदर्शनकारीहरूले हत्या तथा कुटपिट घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन्।

उनीहरूले गोलबजार क्षेत्रमा नाराबाजीसहित प्रदर्शन गर्दै पीडितलाई न्याय दिन राज्य गम्भीर बन्नुपर्ने बताएका छन्।

प्रदर्शनपछि गोलबजार मुख्यचोक गोलचक्करमा कोणसभा आयोजना गरिएको थियो। कोणसभामा वक्ताहरूले पछिल्ला दिनमा महिला र विशेषगरी दलित महिलामाथि, हिंसा र हत्या घटनाहरू बढ्दै गएकोप्रति गहिरो चिन्ता व्यक्त

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

# मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनको असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं।

**वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सार्वजनिक गर्न ढिलो भए गलत भाष्य फैलन सक्छ

भदौ २३ र २४ मा 'जेन–जी' का नाममा भएका घटनाको छानबिनका लागि सरकारले गठन गरेको न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन अझै सार्वजनिक भएको छैन। सरकारले प्रतिवेदन ग्रहण गरिसकेको बताइए पनि जनसामु नल्याइँदा विभिन्न अनुमान र अर्थ फैलिन थालेका छन्। यसैबीच अर्थ मन्त्रालयले भने 'जेनजी आन्दोलनको बुझाइ : मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र' शीर्षकको प्राज्ञिक अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ।

त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागमार्फत् तयार गरिएको उक्त अध्ययनले भदौ आन्दोलनलाई नेपाली समाजमा जकडिएका संरचनागत कमजोरीविरुद्धको संगठित आवाजका रूपमा व्याख्या गरेको छ। प्रतिवेदनअनुसार कमजोर शासन प्रणाली, राजनीतिक अस्थिरता, नीतिगत घोषणा र कार्यान्वयनबीचको अन्तर तथा संस्थागत अक्षमताले युवावर्गमा गहिरो निराशा सिर्जना गरेको हो। राज्यका प्रमुख निकायमा युवाको न्यून प्रतिनिधित्व, योग्यताअनुसार रोजगारीको अभाव, नातावाद र कृपावादको प्रभाव तथा व्यापक भ्रष्टाचारले युवापुस्तामा भविष्यप्रति असुरक्षाको भावना बढाएको अध्ययनले देखाएको छ।

यस्ता निष्कर्ष र सुझावहरूबारे बहस हुनु स्वाभाविक हो। अन्य विधाका प्राज्ञिक अध्ययनबाट फरक निष्कर्ष पनि निस्कन सक्छन्। तुलनात्मक, बहुविषयक वा बहुआयामिक अध्ययनले घटनालाई भिन्न दृष्टिकोणबाट विश्लेषण गर्न सक्छ। त्यसैले यस्ता अध्ययनहरूलाई प्रायः सामयिक र आंशिक व्याख्याका रूपमा बुझिन्छ। यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले पनि भदौ घटनाको छुट्टै छानबिन गरिरहेको छ। आयोगले आफ्नो प्रतिवेदन सार्वजनिक गर्ने अपेक्षा गरिएको छ। यस्ता घटनाहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट विभिन्न कोणबाट अध्ययन हुनु अस्वाभाविक होइन। अनुसन्धान र विमर्श लोकतान्त्रिक समाजका लागि आवश्यक प्रक्रिया पनि हुन्।

तर समस्या त्यतिबेला उत्पन्न हुन्छ जब आंशिक अध्ययनका निष्कर्षलाई नै अन्तिम सत्य ठानेर व्यापक भाष्य निर्माण गरिन्छ। सामाजिक सञ्जाल र डिजिटल माध्यममा सूचनाको तीव्र प्रसार हुने वर्तमान अवस्थामा अधुरा तथ्य वा एकांगी निष्कर्षले जनमतलाई सजिलै प्रभावित गर्न सक्छ। एल्गोरिद्मिक प्रवाहले यस्ता धारणालाई अझ तीव्ररूपमा फैलाउने जोखिम पनि रहन्छ।

यस्तो अवस्थामा न्यायिक जाँचबुझ आयोगको आधिकारिक प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ हुनु उचित हुँदैन। आंशिक अध्ययन र अनुमानका आधारमा धारणा निर्माण हुँदै गयो भने पछि सार्वजनिक हुने आधिकारिक प्रतिवेदनप्रति जनविश्वास कमजोर हुन सक्छ। कानुनी हैसियतमा फरक नपरे पनि त्यसको नैतिक वैधतामा प्रश्न उठ्ने सम्भावना हुन्छ।

त्यसैले राज्यले ग्रहण गरेको र कानुनी आधार भएको न्यायिक आयोगको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्नु आवश्यक छ। त्यसपछि मात्र घटनाबारे समग्र र सन्तुलित बहस सम्भव हुनेछ। यद्यपि कुनै पनि प्रतिवेदन पूर्ण सत्य हुन सक्दैन। तर बहुविध तथ्य र प्रमाणको आधारमा गरिएको आधिकारिक अध्ययन सत्यको नजिक पुग्ने अपेक्षा भने अवश्य गर्न सकिन्छ।

# सुनसरीका विभिन्न ठाउँबाट १४ ग्राम ब्राउन सुगर बरामद

**जयकृष्ण यादव**

इनरुवा, २ चैत्र। सुनसरीको विभिन्न ठाउँबाट१४ ग्राम बढी ब्राउन सुगर बरामद भएको छ। खुला सीमाको मौका छोपी भारतीय बजारबाट तस्करी गरेर ल्याउँदै गरेको अवस्थामा सुनसरीको विभिन्न ठाउँबाट १४ ग्राम बढी ब्राउन सुगर बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय लौकही र लागु औषध नियन्त्रण व्युरो विराटनगरबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले विभिन्न स्थानहरूमा चेकजाँच गर्ने क्रममा तीन जनाको साथबाट १४ ग्राम बढी ब्राउन सुगर बरामद गरेको हो।

प्रहरीले लागु औषध ब्राउन सुगर सहित तीन जनालाई पक्राउ समेत गरेको र उनीहरूको साथबाट फेला परेको लागु औषध सहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सुनसरीमा ल्याई थप अनुसन्धान गर्ने कार्य भइरहेको प्रहरी उपरीक्षक केशवकुमार थेवेले जानकारी दिनुभयो। थेवेका अनुसार सुनसरीको कोशी गाउँपालिका वडा नम्बर १ भन्सार टोलमा भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश १–०२–०५३ प. ५८२१ नम्बरको मोटरसाइकल चालक जिल्लाको

**–बाँकी तीन पेजमा**

# विचारहीनताको बाटो हिँडेको कम्युनिस्ट आन्दोलनको पुनर्गठनको मार्गचित्र

**डा. आरसी लामिछाने**

एउटा समय थियो, नेपाली जनताको छातीमा वामपन्थी विचार मुटुको धड्कन जस्तै थियो। पुष्पलालले कलकत्तामा साम्यवादको जग बसाल्दा त्यो विचार मात्र थिएन, त्यो एउटा मुक्तिको आन्दोलन थियो। तीसको दशकको अन्त्यदेखि नै म र मजस्ता लाखौँको बालमस्तिष्कमा कम्युनिस्टको गहिरो छाप गडेको थियो। पटक–पटक कम्युनिस्ट नेताहरूले कम्युनिस्ट आन्दोलन र सर्वहारा, श्रमिक, शोषित–पीडित र राष्ट्रिय पुँजीपति वर्गको विरुद्ध शृंखलाबद्ध गरेका हजारौँ कुकृत्यहरूका बाबजुद पनि कम्युनिस्टहरू नै यो समाजको रूपान्तरणका संवाहक हुन् जस्तो लाग्दथ्यो। २०१५ सालको आम निर्वाचनदेखि लिएर २०७४ सालको ऐतिहासिक जनादेशसम्म, नेपाली जनताले कम्युनिस्ट पार्टीहरूलाई पटक–पटक शासन सत्ता सम्हाल्ने अवसर दिए। तर जतिसुकै राम्रो खास्टोले बिरालोलाई छोपे पनि बिरालो म्याउँ गर्दछ भनेझैँ बारम्बार अवसर पाउँदा पनि त्यो सिङ्गो शक्ति केही तस्कर, भ्रष्टाचारी र गुटका आसेपासेलाई मात्रै संरक्षण गर्ने अति असक्षम, अयोग्य, अहंकारी, आडम्बरी र गैरजिम्मेवार नेतृत्वको कारण देशैभरि कम्युनिस्ट जनमत हुँदाहुँदै पनि २०८२ को मध्यावधि निर्वाचनमा जनताले वामपन्थी आन्दोलनलाई ऐतिहासिक रूपमा बहिष्कार गर्दै नवोदित नवउदारवादी प्रजातान्त्रिक (सैद्धान्तिक धार प्रस्ट हुन बाँकी रहेको) शक्तिलाई सत्तामा पुऱ्याएका छन्।

कम्युनिस्ट चेत गुमाइसकेका र कम्युनिस्टको नाममा देश र जनतालाई अनवरत लुटिरहेका कलङ्कित, असक्षम र पदलोलुप कायर कम्युनिस्ट नेतृत्व र यसका आसेपासेहरू यसलाई लोकप्रियतावाद र विदेशीको चलखेलको नाममा आफ्ना काला कर्तुत र असक्षमता ढाक्न प्रयास गर्दैछन् तर यिनीहरूले जति नाटक रचे पनि कथित अनुभवी भनिएका कम्युनिस्ट नेताहरूको नक्कली चरित्र निश्चित रूपमा उदाङ्गिनेछ र इमानदार नेताको नेतृत्वमा फेरि कम्युनिस्ट आन्दोलन सङ्गठित हुन सक्ने सम्भावना उजागर हुनेछ। नेपालमा फेरि पनि कम्युनिस्टहरू किन फस्टाउनेछन् भने नेपालको विविधता, गरिबी, र सामाजिक न्यायको लागि समाजवादी आर्थिक विकासको मोडल नै यो देशको सामाजिक न्याय प्रवर्द्धन गर्ने अचुक मन्त्र हो।

स्मरण रहोस् हालको यो परिवर्तन आकस्मिक थिएन, यो वर्षौंको वैचारिक भ्रष्टाचार, नेतृत्वको पतन र क्रान्तिकारी कार्यक्रमको शून्यताको परिणाम हो। यद्यपि, यो पराजय वामपन्थी विचारको मृत्युको बदला वामपन्थी पुनर्जन्मको अवसर पनि हुन सक्दछ। तर त्यसका लागि वामपन्थी भनिने पार्टीहरूमा बचेखुचेका क्रान्तिकारी कार्यकर्ताहरूले वर्तमान नेतृत्वको चिरफार गर्नैपर्दछ र नयाँ नेतृत्व विकास गर्नैपर्दछ।

**विचारको मृत्यु : पहिलो महाअपराध**

नेपाली कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठूलो पतनको कारण भनेको नै वैचारिक स्पष्टताको पूर्ण विलय हुनु हो। संसारभरि कम्युनिस्ट विचार संकटमा परेको बेलामा मदन भण्डारीले जनताको बहुदलीय जनवादको विचार प्रतिपादन गरेर कम्युनिस्ट आन्दोलनलाई गति दिनुभएको थियो भने माओवादी खेमाका प्रचण्ड तथा मोहन वैद्यहरूले २१औँ शताब्दीको जनवादको कुरा गरेर क्रान्तिको लागि ऊर्जा संकलन गर्दै जनयुद्धसमेत गर्नुभयो तर विडम्बना सरकारमा पुगेपछि यी सबै सिद्धान्तहरू सत्ता प्राप्ति, तस्कर र भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने गठबन्धनको राजनीतिमा विलय भए।

जब कम्युनिस्ट पार्टीको प्राथमिकता किसान र मजदुरको मुक्तिभन्दा पनि बेलायत र अमेरिकासँगको सम्बन्ध सुमधुर बनाउनमा केन्द्रित हुन थाल्यो, एमसीसी, एसपीपी, महाकाली सन्धि जस्ता कुराहरूमा ध्यान जान थाल्यो, गैससका मार्गचित्रमा पार्टीका नीतिहरू महाधिवेशनबाट पारित हुन थाले, जब पार्टीको आधिकारिक अङ्गले मार्क्सवादभन्दा पनि ग्लोबलाइजेसनको प्रशंसा गर्न थाल्यो, त्यहीँबाट वामपन्थी आन्दोलनले आफ्नो आत्मा गुमायो। कस्तो विडम्बना भने जनताको बहुदलीय जनवादको आवरणमा बनेको दुईतिहाइको शक्तिशाली सरकार नवउदारवादको प्रवक्ता बनेर एमसीसी जस्तो राष्ट्रघाती परियोजना संसद्बाट पारित गराउनुपर्दछ भन्दै वकालत गर्न थाल्यो। केपी ओली नेतृत्वको एमाले होस् वा प्रचण्ड नेतृत्वको माओवादी विचारविहीन भिडमा रूपान्तरण भयो। संघ, प्रदेश र स्थानीय सरकारमा बलियो उपस्थिति हुँदाहुँदै पनि कुनै पनि तहका सरकारहरूका नीति, कार्यक्रम र व्यवहारमा जनताको बहुदलीय जनवाद वा एक्काइसौँ शताब्दीको जनवादको गन्धसमेत आएन।

यस्ता विचारविहीन पार्टीहरूको नेतृत्वमा भएका सरकारहरूले सिङ्गो देशलाई निराश बनाए। विचारहीन वामपन्थ भनेको त केवल एउटा चुनावी लेबल मात्र हो, जसले जनतालाई केही दिन सक्दैन र नेपालमा पनि त्यस्तै भयो। २०७४ पछिको दुईतिहाइ बहुमतको सरकारले न त भूमिसुधार लागु गर्न सक्यो, न राष्ट्रिय पुँजीको निर्माण गर्ने नीति तथा कार्यक्रम ल्याउन सक्यो न त शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न नै सक्यो। उल्टै शक्तिशाली प्रधानमन्त्री एकदम महँगा निजी अस्पतालहरू र निजी कलेजहरू उद्घाटन गर्दै हिँड्न थाले। सर्वहारा वर्ग र गरिबहरूलाई यति उपहास गरे कि देशमा लाखौँ बालबालिकाहरू अध्ययन गर्ने सरकारी विद्यालय र कलेजहरूमा न्यूनतम सुविधाहरू छैनन् तर कम्युनिस्ट सरकार अर्बौंको जलहरी बनाएर क्रान्तिकारी छवि भएको दाबी गर्दछ त्यो भन्दा दक्षिणपन्थी विचार के हुन सक्दछ ? मौका पाउँदा सबै कम्युनिस्ट सरकारहरू नै अन्तर्राष्ट्रिय पुँजीवादी एजेन्डा बेच्ने ठेकेदार बने। नेपाललाई निर्वाध विदेशी उत्पादनको बजार र नेपालीहरूलाई उपभोक्ता बनाउने होडमा सरकार सञ्चालन गरे।

बिचरा कम्युनिस्ट सरकारहरू ! केही वितरणमुखी काम गरेर आफू निकै विकासप्रेमी भएको भ्रम छर्न प्रयास त गरे तर चेतनशील जनताहरूले तिनको दाबीलाई खारेज गरिदिए। आफूलाई कथित राष्ट्रवादी हौँ भने तर दैनिक हजारौँ युवाहरूले सामान्य रोजगारीको लागि देश छोड्नुपर्ने बाध्यतालाई रहरले विदेश गएका भन्ने भद्दा मजाक गरिरहे। उनीहरूले नेपाली समाज र युवाहरूमाथि घृणित तरिकाले मजाक गर्दा पनि त्यो वर्गले हामीलाई नै भोट हाल्दछ भन्ने दिवास्वप्न भने देखिनै रहे।

**नेतृत्वको दक्षिणपन्थीकरण : दोस्रो महाअपराध**

नेपाली कम्युनिस्ट आन्दोलनको अर्को गम्भीर रोग भनेको नेतृत्वको चरम दक्षिणपन्थी प्रवृत्ति हो। अहिलेका कम्युनिस्ट पार्टीहरूको नेतृत्व फेजआउट र आउटडेटेड भइसक्यो। यिनै नेताहरूको यस्तै नेतृत्व क्षमता र नेतृत्व शैलीले आगामी दिनमा कम्युनिस्ट पार्टी चलाउन सक्दैनन्। अहिलेका कम्युनिस्ट पार्टीहरूको नेतृत्वले जबजब सत्ता प्राप्त गरे तब उनीहरूको प्रतिस्पर्धा नै को बढी दक्षिणपन्थी र नवउदारवादी बन्ने भन्नेमा थियो। सत्ता बाहिर बस्दा नागरिक विधेयक राष्ट्रविरोधी देख्दछन् सत्तामा पुगेपछि अध्यादेश ल्याएर पारित गर्दछन्। सत्ता बाहिर हुँदा काङ्ग्रेसले देशको कलकारखाना बेच्यो भन्दछन् सत्तामा पुगेपछि निजीकरण गर्ने प्रस्ताव पारित गर्दछन् र बन्द भएका कुनै पनि कलकारखाना चलाउन पहल गर्दैनन्।

दुनियाँमा कम्युनिस्टहरू सत्तामा पुग्दा कत्रो क्षति भएको छ तर नेपालमा जनताको मतद्वारा सर्वाधिक शक्तिशाली पार्टी बन्दा पनि नेतृत्वको पदको लोभ र अहङ्कारले गर्दा कम्युनिस्ट आन्दोलन नै क्षतविक्षत भयो। हजारौँको कोख रित्तिएर, सिउँदो उजाडिएर, घरबारविहीन भएर, जवानीको कुर्बानी दिएर उठेको आन्दोलनलाई सीमित व्यक्तिको अहङ्कार र पदलोलुपताले तहसनहस बनायो। यसरी कम्युनिस्ट आन्दोलनप्रति गद्दारी गर्नेहरूलाई स्वयम् कम्युनिस्ट कार्यकर्ताहरू र समर्थकहरूले क्षमा गर्लान् ? सर्वहारा वर्गको उत्थान र सामाजिक न्यायसहितको समाजवादी व्यवस्थाको भ्रूणलाई निमोठ्ने गद्दारहरूलाई इतिहासले क्षमा गर्ला ? के कम्युनिस्ट पार्टीभित्र फेरि कम्युनिस्ट आन्दोलनलाई पुनर्गठित गर्न सक्ने नेतृत्वको सम्भावना छैन होला र ? यिनै प्रश्नहरूको उत्तरमा कम्युनिस्ट पार्टीको भविष्य निर्भर रहनेछ।

प्रचण्ड, जसले एक समय सामन्तवाद र साम्राज्यवादविरुद्ध जनयुद्धको नेतृत्व गरेका थिए तर सत्ता साझेदार भएपछि व्याख्यात्मक टिप्पणीको नाममा एमसीसी पारित गरेको नेपाली जनताले कहिल्यै बिर्सन सक्दैनन्। केपी ओली, जो आफूलाई मार्क्सवादी र कम्युनिस्ट ठान्दछन् तर उनले नै राष्ट्रिय कलकारखानाहरू बेच्ने नीति पास गर्दछन्। कथित राष्ट्रवादको वकालत गरेको स्वाङ गर्दछन् तर सत्ता टिकाउन नागरिक विधेयक अध्यादेशबाट ल्याउँदछन्, धन्न अदालतले खारेज गरिदियो। समाजवाद र उन्नत समाजको कुरा त गर्दछन् तर भुटानी शरणार्थीका अपराधीहरू, वाइडबडी, यती, ओम्नी, भिजिट भिसाका दोषीहरूलाई संरक्षण गर्न सिङ्गो पार्टी र सरकारको सामर्थ्य लगाउँदछन्। कम्युनिस्ट नेतृत्वको यस्तै दक्षिणपन्थीकरणले कम्युनिस्ट कार्यकर्ताको मनोबल भताभुङ्ग बनायो। देशैभरि कम्युनिस्ट जनमत हुँदाहुँदै पनि असक्षम नेतृत्वको कारण दिनप्रतिदिन कम्युनिस्टहरूको शक्ति तथा क्रान्तिकारीपन क्षीण हुँदै गएको छ।

**स्थानीय र प्रदेश सरकारहरू दृष्टिकोणविहीन : अवसरको हत्या**

वामपन्थी आन्दोलनको तेस्रो र सबैभन्दा दयनीय पक्ष भनेको नै स्थानीय र प्रदेश सरकारहरूको निष्क्रियता हो। संविधानले स्थानीय तहलाई ठूलो अधिकार दिएको छ। किसानलाई मल, बीउ र सिँचाइको व्यवस्था गर्ने अधिकार स्थानीय सरकारसँग छ। विद्यालयको पाठ्यक्रमदेखि स्थानीय बजारको नियमनसम्म स्थानीय सरकारले गर्न सक्दछ। तर, प्रदेश र स्थानीय तहको नेतृत्वमा रहेका वामपन्थी सरकारहरूले के गरे? के उनीहरूले लाल सहर वा सामूहिक खेती प्रणाली, वा सामूहिक उत्पादनको मोडल विकास गरे? स्थानीय स्तरमा शैक्षिक गुणस्तर, ज्ञानमा आधारित अर्थतन्त्र, उत्पादन सम्बन्धको फेरबदल, सर्वहारा र श्रमिक वर्गहरूको लागि नयाँ–नयाँ अवसरहरू केही सिर्जना गर्न सके ? यस्तो केही भएन। न उत्पादन पद्धतिको विकास, न राष्ट्रिय पुँजीको निर्माण, भयो त केवल बकवासपूर्ण भाषण र झुटा आश्वासन र दाबी मात्रै।

उनीहरूले के गरे भने, केन्द्र सरकारकै जस्तो फाइल घुमाउने काम मात्रै गरिरहे। भौतिक पूर्वाधारहरू केही विकास गरेका पालिकामा पनि आम जनताको मन जित्ने भन्दा पनि आफ्नै मानिसहरूलाई बारम्बार ठेक्का दिने जस्ता आरोपहरू उनीहरूमाथि लाग्ने गरेको छ। गाउँपालिका वा नगरपालिका अध्यक्षले कम्युनिस्ट भएर के गरे भन्दा पनि, कांग्रेसी

**–बाँकी तीन पेजमा**

### विचारहीनताको ...

अध्यक्षले जस्तै सडक कालोपत्रे र बत्ती जडान गर्ने काम मात्रै गरिरहेका छन् ।

जब कम्युनिस्ट पार्टीका जनप्रतिनिधिहरू कांग्रेस र राप्रपाका जनप्रतिनिधिभन्दा फरक नभएको जनताले महसुस गरे तब जनताले उनीहरूलाई फाल्न किन पो ढिलाइ गर्थे र ? कम्युनिस्टहरूलाई मूलप्रवाहबाट हटाउने प्रक्रियाको सुरुवात नै २०८२ को पराजयको मुख्य कारण हो। स्मरण रहोस्, तीव्र विकासको मार्गमा अगाडि बढिरहेका संसारका धेरै देशहरूको कथा नेपाली जनताहरूले नजिकबाट हेरिरहेको अवस्थामा उखानटुक्का र निकृष्ट भाषणहरूलाई जनताले तिरस्कार गरेका छन्।

**के कम्युनिस्ट आन्दोलनको पुनर्जन्म सम्भव छ ? एउटा क्रान्तिकारी खाका**

यदि नेपालमा वास्तविक कम्युनिस्ट पार्टी बनाउने हो र वामपन्थी आन्दोलनलाई पुनर्जीवित गर्ने हो भने, केही ठोस र क्रान्तिकारी कदम चाल्नैपर्दछ, अन्यथा आगामी दिनमा कम्युनिस्ट पार्टीको नाममा केही बाँकी रहनेछैन, रहनेछ त केवल एउटा चुनावी लेबल मात्र।

**१. वैचारिक शुद्धीकरण**

सबैभन्दा पहिले, कम्युनिस्ट पार्टीहरूले वैचारिक शुद्धीकरण गर्नैपर्नेछ। जो नेता वा कार्यकर्ता मार्क्सवाद, लेनिनवाद र माओवाद वा विचारधाराका आधारभूत सिद्धान्त नबुझी, केवल चुनाव जित्नको लागि मात्र पार्टीमा बसेका छन्, उनीहरूलाई जिम्मेवारीबाट हटाउनैपर्नेछ। मार्क्सवाद भनेको जडता होइन यो गतिशील विज्ञान हो। संसारभरि मार्क्सवादको सिर्जनशील तरिका कसरी प्रयोग गरिएको छ ? मार्क्सवादमा आधारित विकास मोडलहरू कसरी विकसित गरिएको छ र लागु गरिएको छ ? विश्वका अन्य कम्युनिस्ट देशहरूले उत्पादन सम्बन्धहरू कसरी विकास गरिरहेका छन् ? नेपालको सन्दर्भमा छरिएर रहेका कम्युनिस्टहरूलाई कसरी एकत्रित गरेर विकासको गति सिर्जना गर्न सकिन्छ जस्ता कुराहरूमा कम्युनिस्ट पार्टीका सदस्यहरू दीक्षित हुने गरी पार्टीभित्र वैचारिक परीक्षा अनिवार्य गर्नुपर्दछ। सबै तहका कमिटीहरूमा सैद्धान्तिक छलफल र पार्टीको सिद्धान्तमा आधारित विकास मोडलको पनि अनिवार्य गर्नुपर्दछ। स्मरण रहोस् विचारविहीन कार्यकर्ता भनेको तोपविहीन सेना जस्तै हो र अहिलेका कम्युनिस्ट पार्टीको मूल समस्या नै यही हो।

**२. नेतृत्वको चिरफार**

दोस्रो, नेतृत्व तहमा रहेका दक्षिणपन्थी, अवसरवादी र अक्षम नेतृत्वलाई हटाउनैपर्छ। पटक–पटक अवसर पाएका पुराना पुस्ताका नेताहरूले आफ्नो समय गुमाइसके। यस बदलिँदो परिवेशमा अब उनीहरूले कम्युनिस्ट पार्टीको नेतृत्व गर्न सक्दैनन्। आजीवन केन्द्रीय सदस्य र पोलिटब्युरो सदस्य भइरहने र केवल सत्ता र शक्तिको लागि मात्र राजनीति गरिरहने प्रवृत्ति तुरुन्त अन्त्य गरिनुपर्दछ। २१औँ शताब्दी भनेको ज्ञान, प्रज्ञान र प्रविधिको शताब्दी हो। निश्चित शैक्षिक योग्यता नभएका व्यक्तिहरूले पार्टीको नेतृत्व गर्न सक्दैनन् त्यसकारण अब युवा उमेर समूहका जुझारु, सैद्धान्तिक रूपले प्रतिबद्ध कार्यकर्तालाई नेतृत्वमा ल्याउनुपर्दछ र मार्क्सवादमा आधारित विकासको मोडललाई हाँक्न सक्ने व्यक्तिहरूलाई नै नेतृत्वको अवसर दिनुपर्दछ।

**३. स्थानीय सरकारलाई क्रान्तिको केन्द्र बनाउने**

तेस्रो, स्थानीय र प्रदेश सरकारहरूलाई क्रान्तिको प्रयोगशाला बनाउनुपर्दछ। कम्युनिस्ट पार्टीको बहुमत रहेका स्थानीय तहहरूले नमुना पालिकाको रूपमा विकास गर्नुपर्दछ। त्यहाँ सामूहिक खेती सुरु गर्नुपर्छ। गरिब, भूमिहीन, मजदुर सबै प्रकारका जनतालाई उत्पादनका स्रोत र साधनको मालिक बनाउने गरी विकासका मोडल तयार गर्नुपर्दछ। कम्युनिस्ट पार्टीका स्थानीय वा प्रदेश सरकारहरू अन्य पार्टीले सञ्चालन गरेका सरकारभन्दा नितान्तै फरक, जनमैत्री, विकासप्रेमी र सिर्जनशील छन् भन्ने कुरा कामबाट प्रमाणित गर्नुपर्दछ। मेलमिलाप केन्द्रहरूलाई प्रवर्द्धन गरेर स्थानीय स्तरमा नै जनतालाई न्यायको अनुभूति गराउनुपर्दछ त्यसको लागि कम्युनिस्ट पार्टीका सदस्यहरू दक्ष र सक्षम हुनैपर्दछ। विद्यालयहरूमा वैज्ञानिक शिक्षा र समाजवादी विचारधारा पढाउनुपर्दछ। समाजवाद, नवउदारवाद, उदारवाद जस्ता विषयहरूमा कम्युनिस्ट पार्टीका सदस्यहरू पोख्त हुनैपर्दछ र जनताले वामपन्थी सरकार भनेको के हो ? नेपाली समाजको आमूल रूपान्तरणको लागि वामपन्थी सरकार किन जरुरी छ भन्ने कुरा जनताले प्रत्यक्ष रूपमा देखाउन सक्नुपर्दछ।

**४. किसान र मजदुरको मुद्दा केन्द्रमा राख्ने**

चौथो, कम्युनिस्ट पार्टीहरूले आफ्नो मूल मतदाता किसान र मजदुरलाई बिर्सनु हुँदैन। पछिल्लो समय वामपन्थी दलहरू मध्यम वर्ग र व्यापारी वर्गलाई खुसी पार्न लागिपरे। भ्रष्टाचारमा चुर्लुम्म डुबेका यादवहरू, भुटानी शरणार्थी काण्डका अपराधीहरू, भिजिट भिसा प्रकरणका अपराधीहरू, विभिन्न मुद्दामा डामिएकाहरू कम्युनिस्ट पार्टीको पोलिटब्युरोसम्म संरक्षित रहे भने हिजोसम्म मण्डले भनेर चिनिएकाहरू नै संसद् र मन्त्रीका लागि योग्य बनाइए। नेतृत्वका यस्ता निकृष्ट कार्यले टोल–टोलमा कम्युनिस्टप्रति घृणा फैलायो। कम्युनिस्ट पार्टी नै कसको हो भन्ने व्यापक दुविधा सिर्जना भयो र यसले जनतामा भ्रम पैदा गर्‍यो। अब किसान, गरिब, मजदुर, सीमान्तकृत र राष्ट्रिय पुँजीपति वर्गलाई केन्द्रबिन्दुमा राखेर नीति कार्यक्रम निर्माण गर्ने ग्यारेन्टी गर्नुपर्दछ। मजदुरलाई न्यूनतम ज्याला र सामाजिक सुरक्षाको प्रत्याभूति दिनुपर्छ। कम्युनिस्ट पार्टीको जग नै श्रमजीवी वर्ग हो, यसलाई बिर्सेपछि कम्युनिस्ट पार्टी केवल एउटा खोल मात्र बन्दछ।

**५. एकताको नयाँ मोडल**

पाँचौँ, वामपन्थी एकताको पुरानो मोडल असफल भइसक्यो। अब, सबै खेमाका कम्युनिस्टहरू भेला भएर एउटा नयाँ एकीकृत क्रान्तिकारी पार्टी बनाउनुपर्छ। यस्तो सङ्कटमा पनि करिब २४ लाख भोट कम्युनिस्ट पार्टीहरूलाई आएको छ, जुन जम्मा खसेको मतको २० प्रतिशतभन्दा बढी हो। यदि सही नेतृत्व र सही नीति तथा कार्यक्रमको मार्गचित्र तयार गरेर जनतामा जाने हो भने आगामी निर्वाचनमा कम्युनिस्ट पार्टीको वर्चस्व कायम हुन सक्ने देखिन्छ त्यसको लागि नेपालको सन्दर्भमा फिट हुने गरी मार्क्सवादको सिर्जनशील तरिकाले प्रयोग गर्न सक्नुपर्दछ। अब कम्युनिस्ट पार्टीको नेतृत्व पुरानो पुस्ताले होइन, नयाँ पुस्ताले गर्नुपर्दछ। त्यो पार्टीको एजेन्डा केन्द्र र दक्षिणपन्थीसँगको गठबन्धन नभई पुँजीवादी व्यवस्थाको अन्त्य र समाजवादको स्थापना गर्ने गरी हुनुपर्दछ।

**निष्कर्ष : विलय होइन, विजय**

२०८२ को चुनावी पराजयले नेपाली वामपन्थी आन्दोलनलाई ठूलो धक्का दिएको छ। तर, इतिहास साक्षी छ, कम्युनिस्ट आन्दोलन जहिले पनि पराजयबाटै उठेको छ। पराजय नै ठूलो शिक्षक हो। यदि अहिलेका कम्युनिस्ट नेतृत्वले आत्मालोचना गर्दै आफूलाई सच्याउन सकेनन् भने नेपालमा कम्युनिस्ट पार्टीको भविष्य अँध्यारो छ तर यदि स्थानीय तहदेखि नै क्रान्तिकारी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेर नेतृत्वमा नयाँ र जुझारु पुस्ता ल्याएर, वैचारिक रूपले पार्टीलाई शुद्ध बनाउने हो भने नेपालमा एउटा बलियो, वैचारिक र क्रान्तिकारी कम्युनिस्ट पार्टी बन्न सक्दछ। त्यो दिनको प्रतीक्षामा छ नेपालको श्रमजीवी वर्ग तर के कम्युनिस्ट नेतृत्व त्यसको लागि तयार छ ? नयाँ इतिहासको मार्गचित्र कोर्न र नयाँ पुस्तालाई कम्युनिस्ट आन्दोलन हस्तान्तरण गर्न अहिलेको नेतृत्व पुस्ता तयार छ ? यदि तयार छ भने नेपालको कम्युनिस्ट आन्दोलन बच्न सक्दछ अन्यथा इतिहासमा सीमित हुनबाट कसैले बचाउन सक्दैन। रातोपाटीबाट


### सुनसरीका विभिन्न...

दुहवी नगरपालिका वडा नं.–२ का २१ वर्षीय सुशान्त चौधरी र दुहवी १० का २५ वर्षीय मेराज चौधरीको साथबाट ८.११ ग्राम ब्राउन सुगर र एक थान मोटरसाइकल बरामद भएको छ।

त्यसैगरी सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका वडा नम्बर ६ ढलान रोडबाट पैदलयात्री मोरङको कानेपोखरी गाउँपालिका वडा नं.–७ का ३४ वर्षीय सुरेन्द्र जिमीको साथबाट ६.३९ ग्राम ब्राउन सुगर बरामद गरेको हो।

दुई स्थानबाट तीन जनाको साथमा १४ .५० ग्राम ब्राउन सुगर बरामद गरेको छ।

# किसानलाई पतिङर सोहोर्ने चटारो



महोत्तरी, २ चैत्र। अहिले पूर्वपश्चिम राजमार्गको दायाँबायाँ वनक्षेत्रमा पतिङर सोहोर्न महोत्तरीको उत्तरी भेगका किसानलाई चटारो छ। वनमा अहिले पतझर (रुखका पात झर्ने) मौसमले गर्दा यसैबेला किसानलाई पतिङर सोहोर्ने चटारो परेको हो। जिल्लाका गौशाला र बर्दिबास नगरपालिका क्षेत्रका सुदूर उत्तरवर्ती बस्तीमा परवल (मधेसको लहरे विशेष प्रसिद्ध तरकारी) रोपिएसँगै माटोको चिस्यान बचाइ राख्न पतिङरले छोप्ने आम चलन छ। बर्दिबासका खयरमारा, टुटेश्वर, आरनडाँडा, ढुङ्ग्रे, गणन्ता, चेरु, वरडाँडा, सोनापेटी, भब्सी, राइमण्डल र माईस्थानभित्रका २० भन्दा बढी बस्तीमा परवल मुख्य खेती रहँदै आएको छ।

परवलबाहेक बेसार, अदुवा र पिँडालुसहितका बाली पनि रोपेपछि पतिङरले छोपिन्छ। वनमा अहिले पतझरका बेलालगत्तै पतिङर नसोहोरे केही समयपछि डढेलो लगाइने भएकाले किसानलाई अहिले पतिङर सोहोर्ने चटारो परेको हो। "परवल त अब एकझर पानी परेपछि रोपिन्छ, तर पतिङरचाहिँ सोहोरेर लगी हाल्नुपर्छ," बर्दिबास–३ राइमण्डलकी कर्णमायाँ गुर्मछानेले भने, "यसबेला सोहोर्न ढिलो गरे केही पछि वनमा डढेलो सुरु हुन्छ, त्यसैले अरू काम थाती राखेर पतिङर बटुल्छौँ।" समयले गर्दा अहिले यहाँ वनभरि पतिङर सोहोर्ने भेटिन्छन्।

यसैगरी गौशाला नगरक्षेत्रका बेलगाछी, ढल्केवर, भाण्टाबारी, डुमरवाना, बटुवा, इमलीबजार, कालीपुर, कान्तिबजार, पडरिया, डावरी, कुष्माढी र रामनगर ओरपरका २० भन्दा बढी बस्तीका किसान पनि अहिले वनक्षेत्रमा पतिङर सोहोरी रहेका पाइन्छन्। "परवल, अदुवा, बेसार, पिँडालु र अलि पछि आलु छोप्न पनि यही पतिङर चाहिन्छ, अहिले सबै छरछिमेकका यसै कामले आउने हुँदा वन क्षेत्रमा एक्लो पर्ने डर पनि हुँदैन," पूर्वपश्चिम राजमार्गमुनि गौशाला–८ ढल्केवर नजिकको सागरनाथ वन विकास परियोजनाको प्लटमा पतिङर सोहोर्दै भेटिनुभएकी गौशाला–८ डावरीकी रामरती महतोले भनिन्, "अहिले सोहोरिएको पतिङर घर लगेर थन्क्याएपछि जतिखेर काम पर्छ ओछ्याउन पाइन्छ।"

आफै पतिङर सोहोर्न नभ्याएका किसानले पतिङर किन्ने गरेका छन्। पतिङर बेचेर आर्जन गर्ने मनले पनि गरिब बस्तीका बासिन्दा अहिले वनमा छन्। सोहोरेर जम्मा पारिएको पतिङर ठूलठूला बोरामा खाँदेर बयलगाडा र ट्याक्टरबाट घर पुर्‍याएपछि किन्ने ग्राहक धेरै आउने गरेका गौशाला–४ मल्हनियापोखरीको दलित बस्तीका मनका सदा मुसहर बताउनुहुन्छ। पतिङर बेचेरै हुने आर्जनले घरव्यवहारका कैयौँ खाँचो टार्दै आइएको बर्दिबास–१० खयरमाराको मुसहरीटोलकी अइती सदाको भनाइ छ।

यसका अतिरिक्त खाना पकाउने इनधनका लागि पतिङर सोहोर्ने पनि अहिले वन क्षेत्रमा भेटिन्छन्। आफ्नो जग्गाजमिन केही नभएका गरिब बस्तीका बासिन्दा अहिले इन्धनको जोहोमा पतिङर सोहोर्दै छन्। नभिज्नेगरी थन्क्याउन पाए बर्खामा खाना पकाउन यही पतिङर बाल्ने गरिएको भङ्गाहा–४ पलारकी सियानकीदेवी बाँतरले बताइन्।

यसबेला वन क्षेत्रमा झरेका पातपतिङर सोहोर्दा वन सुरक्षामा पनि सहयोग पुग्ने वन सुरक्षा अधिकारीको ठम्याइ छ। वन क्षेत्रका पतिङर राम्ररी सोहोरिए त्यस्तो ठाउँमा डढेलो नफैलने विगतमा जिल्ला वन कार्यालय महोत्तरीमा लामो कार्य अनुभव सँगालेका अवकाश प्राप्त सहायक वन अधिकृत चन्देश्वर यादवले बताए।

"पतिङर सोहोर्दा डढेलो फैलन नदिन सहयोग नै पुग्छ, तर पतिङर सोहोर्न आउनेले असावधानीवस बिडीचुरोटको ननिभाइएको ठुटा त्यतिकै मिल्काउँदा डढेलो लाग्ने गरेको विगत अनुभव छ," जिल्लाकै औरही–१ का बासिन्दा यादवले भने, "वन सुरक्षामा खटिएका कर्मचारीले पतिङर सोहोर्नेहरूको निगरानी गर्नुपर्छ।"

# जिल्ला हुलाक कार्यालयको मन्त्रालयद्वारा अनुगमन

प्रवीणकुमार शर्मा

रौतहट, २ चैत्र। रौतहट जिल्लामा हुलाक सेवालाई छिटोछरितो, भरपर्दो र व्यवस्थित बनाइ प्रभावकारी सेवा प्रवाह गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जिल्ला हुलाक कार्यालयको अनुमगन गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रशासन तथा योजना महाशाखा प्रमुख सहसचिव सुवासचन्द्र शिवाकोटीले रौतहट जिल्ला हुलाक कार्यालयको आइतबार अनुगमन तथा निरीक्षण गर्नुभएको हो।

जिल्ला हुलाक कार्यालय रौतहटको अनुगमन तथा निरीक्षणको क्रममा मन्त्रालयका सहसचिव शिवाकोटीसँग डाँक रेखाका विषयमा महत्वपूर्ण छलफल भएको जिल्ला हुलाक कार्यालय रौतहटका प्रमुख देवनाथ यादवले बताउनुभयो। छलफलका क्रममा जिल्ला हुलाक कार्यालय रौतहटका प्रमुख यादवले हाल रौतहटमा डाँकरेखा महेन्द्र राजमार्ग मात्र भएकोले हुलाकी राजमार्ग समेत कायम भए चिट्ठीपत्र समयमा पुर्‍याउन सकिने भएकोले हुलाकी राजमार्गलाई डाँकरेखा कायम गर्न माग गर्नुभयो।

अनुगमनका क्रममा हुलाक सेवाको ऐतिहासिक पृष्ठभूमिलाई जीवन्त राख्दै वर्तमान विकसित सूचना प्रविधिलाई हुलाक सेवामा भित्र्याइ सेवा प्रवाह चुस्त दुरुस्त तथा प्रभावकारी बनाउनेबारे सहसचिव शिवाकोटीले निर्देशन दिनुभयो। दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन तथा प्रत्येक पालिकामा रहेका हुलाक कार्यालयलाई विद्युतीय

–बाँकी अन्तिम पेजमा

### इनिशा...

गरे। उनीहरूले छोरीहरू विद्यालय गएपछि सुरक्षित घर फर्किन्छन् कि फर्किन्नन् भन्ने डर अभिभावकमा बढ्दै गएको बताए। वक्ताहरूले राज्यका निकायहरूले महिलाप्रति उचित र संवेदनशील दृष्टिकोण नअपनाउँदा महिलाहरू अझ बढी जोखिममा परेको जिकिर गरे। उनीहरूले कानुनी राज्य, इमान्दार प्रशासन र जिम्मेवार जनप्रतिनिधित्व कमजोर हुँदा यस्ता घटनाहरू बढ्दै गएको बताएका छन् ।

उनीहरूले समाजमा महिलाले स्वतन्त्र र सुरक्षित रूपमा बाँच्न पाउने अधिकार सुनिश्चितता गर्न सरकारसँग माग गरे। दलित महिलामाथि भइरहेका बलात्कार र हत्या घटनाप्रति पनि राज्य गम्भीर हुनुपर्ने उनीहरूले आवाज उठाएका छन्। कोणसभामा दलित विकास मञ्चका कार्यकारी निर्देशक सञ्जय महरा, दलित अगुवा तथा समाजसेवी शिवकुमार महरा, दलित महिला केन्द्र ९सीडीडब्लूएन०की रीता रजक तथा मुक्ति नेपालका दासले मन्तव्य व्यक्त गरेका थिए।

# मधेस प्रदेशमा आँप उत्पादनमा वृद्धि हुने



जनकपुरधाम, २ चैत्र। मधेश प्रदेशमा यस वर्ष आँप उत्पादनमा वृद्धि हुने भएको छ। मधेस प्रदेशको आठवटै जिल्लामा खेत तथा बगैँचामा लगाइएका आँपको रूखमा अत्यधिक मजरी अर्थात् फुल लागेको छ। चैत/वैशाखमा चल्ने हावाहुरी, असिना तथा मधुवा रोगको प्रभाव नपरे यस वर्ष मधेसमा आँप उत्पादन उल्लेख्य हुने सम्भावना छ। आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी आँप उत्पादन हुने मधेस प्रदेशको कृषि विकास निर्देशनालयका वरिष्ठ वागवानी विकास अधिकृत प्रदीपकुमार यादवले जानकारी दिनुभयो। यस वर्ष मधेसका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँप खेती गरेका छन्। मौसमअनुकूल रहेमा प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन हुने उहाँले बताउनुभयो।

मधेसका जिल्लामध्ये धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका हिसाबले अग्रणी मानिन्छन्। व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ। गत आर्थिक वर्षमा मधेसका किसानले ३० हजार ६०० हेक्टरमा आँप खेती गरेका थिए। त्यसबेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिक टन आँप उत्पादन भएको थियो।

मधेसका किसानले विशेषगरी मालदह, बम्बै, कलकत्तिया, अम्रपाली र दशहरी नकुअवा, केरवा, बिजु, सिपियालगायत आँपको खेती गर्दै आएका छन्। यहाँ उत्पादन हुने आँप स्थानीय बजारसँगै काठमाडौँलगायत देशका प्रमुख सहरमा पनि बिक्री हुने गरेको छ। यस वर्ष बोटभरि लागेको मञ्जरीले किसानलाई उत्साहित बनाएको छ। बगैँचामा यति धेरै फूल देखिएपछि व्यापारी ठेक्कामा लिन गाउँगाउँ पुग्न थालेको किसान बिल्टु महतोले जानकारी दिनुभयो। आँप खेतीबाट मनग्य आम्दानी हुन थालेपछि पछिल्ला वर्षमा मधेसका किसान यसतर्फ आकर्षित हुँदै गएका छन्। कृषि विज्ञ भगिरथ यादवका अनुसार बगैँचा व्यवस्थापन र रोग नियन्त्रणमा ध्यान दिनसके मधेसमा आँप उत्पादनमा अझै वृद्धि हुने सम्भावना छ।

नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य मात्रामा हुँदै आएको छ। प्लान्ट क्वारेन्टाइन कार्यालय भिठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आर्थिक वर्षको फागुनदेखि चालु आर्थिक वर्षको कात्तिकसम्म भारतबाट भिठामोड नाका हुँदै ३५९ मेट्रिक टन आँप नेपाल भित्रिएको थियो।

# इनरुवामा ग्यास पसलको अनुगमन

सुनसरी, २ चैत्र। सुनसरी सदरमुकाम इनरुवामा रहेको ग्यास पसलको अनुगमन गरिएको छ। जिल्ला प्रशासन कार्यालय सुनसरीको मातहतमा रहेको अनुगमन टोलीले इनरुवासहित विभिन्न ठाउँमा रहेको ग्यास पसलको अनुगमन गरेको हो। पछिल्लो समय ग्यासमा कालोबजारी बढेको भनी आएको गुनासोको अधारमा अनुगमन गरिएको अनुगमन समितिका कृष्ण सुवेदीले जानकारी दिनुभयो। इनरुवाको पाँचवटा पसलमा बिक्रीका लागि राखिएको सुविधा, प्रिमा, कमख्या, कोशी ग्यास भएको पसलमा अनुगमन गरेको उहाँले बताउनुभयो। इनरुवामा आवश्यक्ता अनुसार ग्यास भएको, ग्यासमा कालोबजारी नभएको, उपभोक्ताले आवश्यक्ता भएका बेलामा सिष्टम अनुसार पाइरहेको भेटिएको उद्योगा वाणिज्य सङ्घ इनरुवाका उपाध्यक्ष गिरीराज अटलले जानकारी दिनुभयो।

अनुगमनमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय उद्योगा वाणिज्य सङ्घ, उपभोक्तासहितको सहभागिता रहेको थियो। यता जिल्ला प्रशासन कार्यालय सुनसरीले ग्यासको उत्पादक, वितरक र डिलरलाई ग्यासको अनावश्यक मौज्दात नराख्न, पालो प्रणालीमार्फत पारदर्शी वितरण गर्न, कृत्रिम अभाव सिर्जना नगर्न, बजार मूल्यभन्दा बढी नलिन र खरिदबिक्रीको विवरण व्यवस्थित राख्न निर्देशन दिएको छ। सुनसरी प्रशासनको निर्देशन उलङ्घन गरेको खण्डमा कानुन अनुसार कारबाही हुने सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम न्यौपानेले जानकारी दिनुभयो।

**छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।**

# एक करोड १६ लाख नगदसहित दुई हुण्डी कारोबारी पक्राउ



काठमाडौं, २ चैत्र। नेपाल प्रहरीले रु एक करोड १६ लाख नगदसहित दुई हुण्डी कारोबारीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले काठमाडौंको नागार्जुन नगरपालिका–८ भीमढुङ्गाबाट हुण्डीको रकमसहित यहाँको नागार्जुन नगरपालिका–८ भीमढुङ्गाका २८ वर्षीय सागर गिरी र सोही स्थानका २८ वर्षीय प्रमोदप्रसाद धितालालाई पक्राउ गरी आज सार्वजनिक गरेको हो।

परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले अभौतिक मुद्राको कारोबार गरिरहेको सूचनाको आधारमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिनुभयो। पक्राउ परेकासँग तीन थान चेकबुक, विभिन्न व्यक्तिको नाममा काटेको रु २७ लाख ३० हजार चेक, विभिन्न बैंकका एटिएम चार थान, नागरिकता एक थान, चारपाङ्ग्रे सवारीसाधन दुई थान, दुईपाङ्ग्रे सवारीसाधन एक थान, सवारी दर्ता किताब तीन थान बरामद गरिएको उहाँले बताउनुभयो।

यसैगरी, विभिन्न कम्पनीका मोबाइल छ थान, एनसेल, एनटिसीको सिम ३१ थान, कम्प्युटर एक थान बरामद गरिएको छ। पक्राउ परेका दुवै जनालाई जिल्ला अदालत काठमाडौँबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

*जिल्ला हुलाक...*

सवारी साधन उपलब्ध गराउन सके जनताले खोजेको जस्तो हुलाक कार्यालयले सेवा उपलब्ध गराउनेमा दुई मत नरहेको प्रमुख यादवले छलफलका क्रममा आफ्ना भनाइ राख्नुभएको थियो। छलफलबाट प्राप्त रायसुझाव र निष्कर्षलाई आत्मसात् गर्दै रौतहटमा हुलाक सेवा विश्वासिलो र प्रभावकारी बनाउन मन्त्रालय स्तरबाट गर्न सकिने कार्यका लागि पहल गर्ने सहसचिव शिवाकोटीले भन्नुभयो।

सहसचिव शिवाकोटीले आइतबार नै नेपाल टेलिकम क्षेत्रिय कार्यालय वीरगन्जको समेत अनुगमन गर्नु भएको नेपाल टेलिकम प्रादेशिक निर्देशनालय वीरगन्जका निर्देशक कृष्णप्रसाद भण्डारीले जानकारी दिनुभयो।

# ५ वर्षीया रुवीलाई हर्क साम्पाङको 'सरप्राइज'

**प्रदिप मेन्याङ्बो**

सुनसरी, २ चैत्र। हर्क साम्पाङले धनुषामा चुनावी अभियान चलाउनु अघिसम्म रुवीकुमारी ठाकुर श्रम संस्कृति पार्टीमा जोडिएकी नै थिइनन्। जब उनले पहिलो पटक हर्कलाई भेटिन्, त्यसपछि माटोलाई भोट माग्दै मतदाताको घरदैलोसम्म पुगिन्। श्रम संस्कृतिमा आवद्ध भएपछि आफ्नो समुदाय मात्र होइन, सिंगो धनुषा–४ मा व्यापक प्रचारप्रसारमा जुटेकी रुवी राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा जस्ता हस्ती र उनका समर्थकसँग राजनीतिक रूपमा भिडिन्।

अहिले उनै रुवीलाई श्रम संस्कृति पार्टीले समानुपातिक सांसद बनाएर सदनमा पठाएको छ। आफ्नो संसद् यात्रालाई २५ वर्षीय रुवीले अप्रत्यासित भनेकी छिन्। उनी भन्छिन्, 'म सामान्य मान्छे। तर सधैँ श्रम संस्कृति पार्टी र अध्यक्ष हर्क साम्पाङको भिडियो हेर्थें। र, देशका लागि यस्तो मान्छे चाहिन्छ भन्ने लागेर समर्थक बन्न पुगें। सांसद बन्नु मेरा लागि 'सरप्राइज' नै हो।'

रुवी स्थानीय बलरा पोलिटेक्निकबाट तीन वर्षे डिप्लोमा इन्जिनिरिङ सकेर ७ महिना अघिदेखि धनुषाकै एक कन्सल्टेन्सीमा जागिर खाइरहेकी थिइन्। पार्टीले समानुपातिक सांसद बनाएपछि पहिलो पटक धरानस्थित पार्टी मुख्यालयमा आएका बेला थोरै नर्भस, धेरै उत्साहित हुँदै अनलाइनखबरसँग भनिन्, 'मैले सांसद हुन्छु भनेर सोचेको थिइनँ। अचानक समानुपातिक सांसद बनाएको खबर आयो। अनि अध्यक्ष हर्कराज साम्पाङलाई भेट्न पार्टी कार्यालय आइपुगें।'

धनुषाको मझेलियाकी रैथाने भए पनि उनी मधेशवादी दल, एमाले, काग्रेस, नेकपा र रास्वपामा आकर्षित भइनन्। अथवा, ती दलले उनलाई पत्याएनन्। स्वतन्त्र रूपमा आफ्नै काममा रमाइरहेकी रुवी मासिक २० हजार तलबमा कन्सल्टेन्सीमा सानो जागिर खाइरहेकी थिइन्। श्रम संस्कृति पार्टीले पत्याएपछि खुला राजनीतिमा होमिएको उनले बताइन्। उनका बाबु सोगराथ ठाकुर साउदी अरबमा वैदेशिक रोजगारीमा जानुअघि कपाल काट्ने पेसामा थिए। हाल उनी साउदीमै छन्। आमा रेणु ठाकुर गृहिणी हुन्। परिवारमा रुवीसहित चार बहिनी र दुई भाइ छन्।

राजनीतिक भाषा उति नजानेकी रुवीले भनिन्, 'हामी एक कट्ठा जमिनमा बसेका छौं। जीविकाका लागि अर्काको दुई बिघा जमिन बटैयामा (अधिया) मा कमाउँछौं। बाबाले मासिक १५/२० हजार रुपैयाँ घर खर्च पठाउनुहुन्छ। म मासिक २० हजार कमाउँछु। अब व्यक्तिगत समस्याभन्दा पनि जनताको समस्या बुझ्नुपर्ने भएकाले मेरो ध्यान संसद्मा बढी हुन्छ।'

रुवीले मधेश प्रदेशमा विकास निर्माण खासै नभएकाले संसद्मा तिनै विषयमा केन्द्रित हुने बताइन्। आफ्नो क्षेत्रमा मात्र नभएर मधेशमा खासगरी दहेज (दाइजो) प्रथाले जरा गाडेको उनले बताइन्। नेपालको कानुनले दहेज प्रथालाई प्रतिबन्ध लगाए पनि त्यो कानुन कार्यान्वयन हुन नसक्दा महिलाहरू बढी पीडित भएको उनको भनाइ छ।



रुवीले भनिन्, 'दहेज प्रथा मात्र होइन, मधेशमा बालविवाहको समस्या पनि छ। बेरोजगारी समस्या पनि उत्तिकै छ। यिनै विषयलाई मुद्दा बनाएर संसद्मा सशक्त रूपमा प्रस्तुत हुन्छ।' श्रम संस्कृतिमा प्रवेश गर्नुअघि डिप्लोमा तहको इन्जिनियरिङ अध्ययन गरिरहेको बेला उनले समाजमा अपाङ्गता भएका समुदायलाई केही सहयोग हुने काम गर्ने योजना बनाएकी थिइन्।

धनुषाको मझेलियास्थित श्री माध्यमिक विद्यालयबाट एसईई गरेपछि उनले स्वरोजगार हुनका लागि डिप्लोमा इन्जिनियरिङ पढेकी थिइन्। उनले भनिन्, 'सन् २०१८ मा एसईई गरेपछि तीन वर्षे कोर्सको डिप्लोमा इन्जिनियरिङ गरें। कोर्षमा टुडी र थ्रिडी प्रविधिबाट पनि घरको नक्सा बनाउन सिकेकाले वास्तु आर्किटेक्चरमा काम पाएँ।'

उनले डिप्लोमा इन्जिनियरिङ गरिसकेकाले अब बीई (ब्याचलर इन्जिनियरिङ) गर्ने बताइन्। सांसदको जिम्मेवारी पनि सम्हाल्दै उमेर छँदै समय मिलाएर बीई गर्ने सोच बनाएको बताइन्। रुवीले भनिन्, 'राजनीतिक यात्रामा सांसद हुनु देश र जनताका लागि अवसर हो भने ब्याचलर इन्जिनियरिङ मेरो परिवार र जीविकाका लागि काम लाग्छ भनेर इन्जिनियरिङ अध्ययनलाई निरन्तरता दिन चाहेकी छु।'

जेनजी उमेरमै सांसद बन्ने अवसर पाएकी रुवी अविवाहित हुन्। विवाहको प्रसंगमा उनले भनिन्, 'पाँच वर्ष संसद्लाई दिन्छु। समय मिलाएर इन्जिनियरिङको थप अध्ययन गर्छु। त्यसपछि विवाहबारे सोचौंला।'

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)